स्थानीय राजपत्र

सत्यवती गाउँपालिद्वारा प्रकाशित स्थानीय राजपत्र

सत्यवती गाउँपालिकाको

# शिक्षक दरबन्दी मिलान तथा समायोजन कार्यविधी, २०७७

सत्यवती गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

गुल्मी

स्थानीय राजपत्र

सत्यवती गाउँपालिका, गुल्मीद्वारा प्रकाशित

खण्ड ४ संख्या १ २०७७ साल पौष महिना १२ गते आईतबार

# भाग २

सत्यवती गाउँपालिकाको

## शिक्षक दरबन्दी मिलान तथा समायोजन कार्यविधी, २०७७

<u>प्रकाशक</u>

सत्यवती गाउँपालिका

# शिक्षक दरबन्दी मिलान तथा समायोजन कार्यविधि, २०७७

कार्यपालिकाबाट स्वीकृत मितिः २०७७/०८/२४
प्रमाणिकरण मितिः २०७७/०८/२६

सत्यवती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ्ग, गुल्मी

## शिक्षक दरबन्दी मिलान तथा समायोजन कार्यविधि, २०७७

**प्रस्तावनाः**

सत्यवती गाउँपालिका क्षेत्रमा रहेका सबै सामुदायिक विद्यालयमा रहेका शिक्षक विद्यार्थी संख्याको गणितीय अनुपात बमोजिम विद्यालयमा शिक्षकको व्यवस्था गर्न वाञ्छनीय भएकाले सत्यवती गाउँपालिका गाउँ कार्यपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा (१०२) ले दिएको कानुन बनाउने अधिकार, दफा (११) को उपदफा (२) को खण्ड (ज) को उपखण्ड (११) मा भएको व्यवस्था तथा सत्यवती गाउँपालिका आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७५ को दफा ३७ ले दिएको अधिकार बमोजिम यो शिक्षक दरबन्दी मिलान तथा समायोजन कार्यविधि बनाइएको छ ।

### परिच्छेद-१

### प्रारम्भिक संक्षिप्त नाम र परिभाषा

**१.संक्षिप्त नाम, विस्तार र प्रारम्भ**

क) यस कार्यविधिको नाम शिक्षक दरबन्दी मिलान तथा समायोजन कार्यविधि, २०७७ रहेको छ।

ख) यो कार्यविधि सत्यवती गाउँपालिका भर लागू हुनेछ।

ग) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत र प्रमाणिकरण भई स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछ।

**२.परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;**

क) 'गाउँपालिका' भन्नाले सत्यवती गाउँपालिका बुझ्नुपर्नेछ ।

ख) 'प्रमुख' भन्नाले सत्यवती गाउँपालिकाको अध्यक्षलाई बुझ्नुपर्नेछ ।

ग) 'उपप्रमुख' भन्नाले सत्यवती गाउँपालिकाको उपाध्यक्षलाई बुझ्नुपर्नेछ।

घ) 'कार्यपालिका' भन्नाले सत्यवती गाउँपालिका गाउँ कार्यपालिकालाई सम्झिनुपर्छ ।

ङ) 'प्रमुख प्रशासकीय अधिकृत' भन्नाले सत्यवती गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

च) 'गाउँ शिक्षा समिति' भन्नाले सत्यवती गाउँपालिकाको गाउँ शिक्षा समितिलाई सम्झनुपर्दछ ।

छ) 'दरबन्दी मिलान' भन्नाले स्वीकृत दरबन्दीमा रहेका स्थायी, अस्थायी शिक्षक र त्यस्ता दरबन्दीमा रहेका सबैखाले सट्टा शिक्षक, शिक्षक अनुदान कोटा (राहत) मा रहेका शिक्षक, अपाङ्ग शिक्षक, गाउँपालिका अनुदान शिक्षक र यस्तै अन्य स्केल अनुसार अनुदानको तलब भत्ता पाउने शिक्षकहरूको दरबन्दी मिलान तथा समायोजन कार्यविधि बमोजिम दरबन्दीको वितरण तथा व्यवस्थापनलाई सम्झनुपर्छ ।

ज) 'तह' भन्नाले विद्यालयको तह बुझ्नुपर्नेछ।

झ) 'सामुदायिक विद्यालय' भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा रहित प्रकृतिको नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

ञ) 'शिक्षा शाखा प्रमुख' भन्नाले गाउँपालिका भित्र स्थानीय तहको शिक्षा सञ्चालन, व्यवस्थापन, नियमन, निर्देशन, अनुगमन र मूल्याङ्कन गर्ने तथा ऐन बमोजिम तोकिएका कार्य गर्न नेपाल सरकारले खटाएको शिक्षा, युवा तथा खेलकुद शाखाको वरिष्ठतम कर्मचारी बुझ्नुपर्नेछ।

ट) 'शिक्षक' भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापकलाई समेतलाई जनाउँछ ।

ठ) 'विद्यालय व्यवस्थापन समिति' भन्नाले सत्यवती गाउँपालिका क्षेत्रभित्रका विद्यालयका विद्यालय व्यवस्थापन समितिलाई सम्झनुपर्छ।

ड) 'नियमावली' भन्नाले शिक्षा नियमावली, २०५९ (संशोधन सहित) बुझ्नु पर्नेछ ।

ढ) 'विशेष परिस्थिति' भन्नाले एक विद्यालयबाट नजिकैको अर्को विद्यालयमा समायोजन भई संचालनमा रहेको विद्यालयको अवस्था सम्झनुपर्छ ।

ण) 'तोकिएको' वा 'तोकिए बमोजिम' भन्नाले यस कार्यविधि अन्तर्गत बनेका नियम वा कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

त) 'कार्यदल' भन्नाले शिक्षक दरबन्दी मिलान तथा समायोजन कार्यविधि,२०७७ बमोजिम गठित शिक्षक दरबन्दी मिलान तथा समायोजन कार्यदल भन्ने सम्झनुपर्छ।

## परिच्छेद-२

## विवरण अद्यावधिक

३. **विवरण अद्यावधिक गर्नेः** बिद्यालयको कक्षागत विद्यार्थी तथा कार्यरत शिक्षकहरुको विवरण अद्यावधिक गर्नुपर्ने। विवरण अद्यावधिक गर्दा पछिल्लो शैक्षिक सत्रको कक्षागत तथा तहगत विद्यार्थी संख्या र विद्यालयमा स्वीकृत दरबन्दी तथा राहत दरबन्दी लगायत सरकारी अनुदानबाट तलब भत्ता खाने गरी शिक्षक छनोट प्रक्रिया पुरा गरी आएका हाल कार्यरत स्थायी, अस्थायी शिक्षकहरूको विवरण अद्यावधिक गर्नुपर्नेछ ।अवधि तोकी काजमा रहेका शिक्षकहरुको हकमा जुन विद्यालयबाट तलब भत्ता पाउँदछन् सोही विद्यालयको शिक्षकमा गणना गर्नुपर्नेछ। अवधि नतोकिएकोमा दरबन्दी जुन विद्यालयमा रहेको छ सोही विद्यालयमा गणना गर्नु पर्नेछ ।

## परिच्छेद-३

## विद्यालयगत रुपमा आवश्यक दरबन्दी व्यवस्थापन गर्दा लिइने आधारहरु

४. **प्राथमिक तह (१-५ )**

४.१ २० जना सम्म विद्यार्थी भएको प्रा.वि. तह (१-५) सञ्चालित सामुदायिक विद्यालयमा कम्तीमा दुई जनाको दरबन्दी कायम गर्ने तर (१-३) सञ्चालित सामुदायिक विद्यालयमा १ जनाकै दरबन्दी कायम गर्ने र २ जनाको दरबन्दी कायम गर्दा कम्तिमा २० जना भन्दा बढी विद्यार्थी संख्या हुनुपर्ने। आधारभूत तह कक्षा (१-३) सञ्चालनको लागि न्यूनतम विद्यार्थी संख्या १५ जना हुनुपर्ने।

४.२ २५ देखी ४० जनासम्म विद्यार्थी भएको सामुदायिक विद्यालयमा कम्तिमा ३ जनाको दरबन्दी कायम गर्ने ।

४.३ ४५ देखि ६० जनासम्म विद्यार्थी भएको सामुदायिक विद्यालयमा कम्तिमा ४ जनाको दरबन्दी कायम गर्ने ।

४.४ ६५ वा सो भन्दा बढी विद्यार्थी भएको सामुदायिक विद्यालयमा कम्तीमा ५ जनाको दरबन्दी कायम गर्ने तर (१-३) सञ्चालित सामुदायिक विद्यालयमा ६५ वा सो भन्दा बढी विद्यार्थी भएता पनि ३ जनाभन्दा बढी शिक्षक हुने गरी थप दरबन्दी वितरण नगर्ने ।

४.५ दरबन्दी समायोजन तथा मिलान गर्दा खण्ड ४.१, ४.२, ४.३, र ४.४ मा उल्लिखित विद्यार्थी संख्याको आधार तथा निजि स्रोत शिक्षकको बढी भार भएका विद्यालय, कक्षा ११-१२ संचालनमा रहेका विद्यालय र भौगोलिक विषमताका कारणवश समायोजनमा अति कठिनाई भएका विद्यालय, दरवन्दी कम भई प्रत्यक्ष पठनपाठनमा समस्या रहेको विद्यालयको हकमा निहित रहनेछ। दरबन्दी मिलान तथा समायोजनको स्रोत प्रा.वि तहमा रहेका पुल दरबन्दी भएका कारणवश सोही तहमा विशेष परिस्थितिमा बाहेक कटौती भएका दरबन्दी थप गरिनेछैन ।

## परिच्छेद-४

## शिक्षक दरवन्दी मिलान तथा व्यवस्थापनका आधारहरु

**५. दरबन्दी मिलान तथा समायोजन गर्दा देहायको प्राथमिकताको आधारमा शिक्षकको स्थानान्तरण र समायोजन गरिनेछ ।**

क) प्रा.वि तहको खुद पुलमा रहेको दरबन्दी मिलान तथा समायोजन गर्दा सम्भव भएसम्म **रिक्त रहेको राहत अनुदानलाई** मिलान तथा समायोजन गर्ने,

ख) प्रा.वि तहको खुद पुलमा रहेको दरबन्दी मिलान तथा समायोजन गर्दा सम्भव भएसम्म **रिक्त रहेको दरबन्दीलाई** मिलान तथा समायोजन गर्ने,

ग) दरबन्दी मिलान तथा समायोजन गर्दा स्वेच्छिक रुपमा जान चाहने शिक्षकको लागि निवेदन आव्हान गरी प्राप्त निवेदनको छानविन गरी निजले लिएको नियुक्ति मितिको आधार लिई कनिष्ठताको आधारमा उपयुक्तता समेत हेरी शिक्षकको शैक्षिक योग्यता र विद्यालयको विषयगत दरबन्दीको आवश्यकताका आधारमा नि.मा.वि. र मा.वि. मा समायोजन तथा मिलान गर्ने ।

घ) **करारमा कार्यरत शिक्षकलाई** निजले लिएको नियुक्ति मितिको आधार लिई कनिष्ठताको आधारमा मिलान तथा समायोजन गर्ने ।

ङ) **राहत अनुदानमा कार्यरत शिक्षकलाई** निजको नियुक्ति मितिलाई आधार लिई कनिष्ठताको आधारमा मिलान तथा समायोजन गर्ने ।

च) **स्वीकृत दरबन्दीमा कार्यरत स्थायी शिक्षकलाई** निजको नियुक्ति मितिलाई आधार लिई कनिष्ठताको आधारमा मिलान तथा समायोजन गर्ने । तर स्थायी शिक्षकको हकमा नियुक्ति मिति समान भएमा निजको अस्थायी नियुक्तिबाट र सो बाट पनि जेष्ठता पहिचान नभएमा शैक्षिक योग्यताका आधारमा पहिचान गरि मिलान तथा समायोजन गर्ने ।

छ) **महिला र अपाङ्ग शिक्षकको** हकमा सम्बन्धित शिक्षकको रोजाइका आधारमा मिलान तथा समायोजनको व्यवस्था गर्ने ।

ज) खण्ड (छ) बमोजिम महिला र अपाङ्ग शिक्षकको हकमा मिलान तथा समायोजन गर्दा रोजाइका क्षेत्र एउटै भएमा कनिष्ठताको आधारमा गर्ने र विद्यालय छनौटका लागि निवेदन नदिएमा अर्को विद्यालयलाई पर्न सक्ने शैक्षिक क्षतिलाई मध्यनजर गर्दै मिलान तथा समायोजनलाई बाधा नपर्ने ।

## परिच्छेद-५

## दरबन्दी मिलान तथा समायोजन कार्यदलको गठन

६.दरबन्दी मिलान तथा समायोजन कार्य गर्नका लागि दरबन्दी मिलान तथा समायोजन कार्यदल गठन गरिनेछ।दरबन्दी मिलान तथा समायोजन समितिका पदाधिकारीहरु देहाय बमोजिम रहनेछन् ।

क) गाउँपालिका प्रमुख - संयोजक

ख) गाउँपालिका उपप्रमुख - सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ) सामाजिक विकास समिति संयोजक - सदस्य

ङ) गाउँ शिक्षक महासंघको प्रतिनिधी दुई जना – सदस्य

च) गाउँपालिका प्रमुखबाट मनोनित सामुदायिक माध्यमिक विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट एक जना प्रधानाध्यापक र आधारभूत विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट एक जना प्रधानाध्यापक समेत गरी दुई जना – सदस्य

छ) शिक्षाविद् मध्येबाट कार्यपालिकाले मनोनित गरेको एक जना – सदस्य

ज) शिक्षा शाखा प्रमुख – सदस्य

झ) शिक्षा शाखाको कर्मचारी – सदस्य सचिव ।

७. समितिको सचिवालय गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा रहनेछ ।

८. समितिको सचिवालयका लागि आवश्यक पर्ने स्टेसनरी तथा यस कार्यका लागि आवश्यक पर्ने बजेट रकम तथा समितिका पदाधिकारीहरुको बैठक भत्ता लगायतका सुविधाका लागि आवश्यक पर्ने बजेट शिक्षा शाखाको निशर्त तर्फ विनियोजित दरबन्दी मिलान कार्यक्रमबाट गरिनेछ र सोको लागि आवश्यक रकम अपुग भएमा सो रकम गाउँ कार्यपालिकाले व्यवस्था गर्नेछ ।

९. दरबन्दी मिलान तथा समायोजन कार्यदलको काम, कर्तव्य र अधिकार

९.१ शिक्षक दरबन्दी मिलान तथा समायोजनका लागि विद्यालयगत मौजुदा शिक्षक संख्या, दरबन्दी मिलानका लागि कायम हुने संख्या र थप दरबन्दीका लागि पुग्नु पर्ने न्यूनतम विद्यार्थी संख्या एकीन गरी अनुमोदनका लागि गाउँ शिक्षा समितिमा पेश गर्ने।

९.२ शिक्षकहरुबाट भरिएर आएका विद्यालय छनौट निवेदन विश्लेषण गर्ने र विद्यालयहरुमा तहगत तथा विषयगत रुपमा शिक्षक दरबन्दी मिलान तथा समायोजन गरिने विद्यालय र शिक्षकहरुको नामावली विवरण सहित सिफारिस गर्ने ।

९.३ गाउँपालिकाले दिएका निर्देशन बमोजिम अन्य कार्यहरु गर्ने ।

९.४ यस कार्यदलले आवश्यक अन्य कार्यविधि आफै तय गर्न सक्नेछ ।

## परिच्छेद-६

## विविध

१०.**कार्यविधिको व्याख्याः** यस कार्यविधिमा उल्लिखित कुनै प्रावधान वा विषयमा द्विविधा उत्पन्न भएमा वा अस्पष्टता रहेमा त्यसको अन्तिम व्याख्या गाउँ कार्यपालिकाले गर्नेछ ।

११. **कार्यविधि संशोधनः** यस कार्यविधिका प्रावधानहरुमा गाउँ कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

१२.**बाधा अड्चन फुकाउः** स्थानीय सरकार संचालन ऐन, २०७४ र यस कार्यविधिमा व्यवस्था भए बाहेकका विषयमा नीतिगत निर्णय गर्न आवश्यक भएमा त्यस्तो निर्णय गाउँ कार्यपालिकाले गर्नेछ।

१३.**बाझिएमा अमान्य हुनेः** यस कार्यविधिमा उल्लेख भएका व्यवस्था तथा प्रावधान प्रचलित कानुनसँग बाझिएमा सो हदसम्म अमान्य हुनेछ ।

❒❒❒

प्रमाणिकरण मितिः २०७७ साल मंसिर महिना २६ गते शुक्रबार

आज्ञाले
झविश्वर रेग्मी
प्रमुख प्रशासकीय अधिकृत